सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्जन॥

gorkhapatraOnline.com
गोरखापत्र अनलाइन डटकम

# 'यस वर्ष हरेक वडामा विद्युत् पुग्छ'



कृषिको प्रचुर सम्भावना बोकेको सल्यानको शारदा नगरपालिका विकासको बाटोतर्फ अग्रसर हुँदैछ। स्वास्थ्य, शिक्षा, सडक निर्माण र खानेपानीलाई प्राथमिकतामा राखेर काम गर्दै आएको यहाँ बजेटको समस्या भने उस्तै छ। केन्द्र र प्रदेशले दिने अनुदानको दायरामा रहेर योजना बनाउनुपर्ने बाध्यता रहेकाले सोचेजति काम गर्न गाह्रो रहेको छ। नगरपालिकाको विकासे गतिविधि, योजना लगायतका विषयमा नेपाली काँग्रेसबाट निर्वाचित नगरपालिकाका प्रमुख **सुरेश अधिकारी**सँग गोरखापत्रका **प्रतीक शर्मा**ले गर्नुभएको कुराकानीको सारसङ्क्षेप।

**■ नगर बिकासका प्रमुख सम्भावनाहरु के के रहेका छन् ?**

- कृषि क्षेत्र यहाँको प्रमुख सम्भावना भएको क्षेत्र हो। कृषिलाई व्यावसायीकरण गर्ने काम शुरु गरिसकेका छौँ। तरकारी उत्पादनका लागि पकेट क्षेत्रको पहिचान गरी कृषिमा संलग्न किसानलाई प्रोत्साहित गर्ने काम गरिरहेका छौँ। यसबाहेक पशुपालनलाई व्यवस्थित र व्यावसायिक बनाउन गाईपालक किसानलाई सुत्केरी भत्ता (दाना आहारा) वितरण गर्ने र बाख्रापालक किसानलाई बोका वितरणको काम भइरहेको छ।

यो क्षेत्र मकै उत्पादनमा अब्बल मानिन्छ। त्यसका लागि उन्नत जातको मकैको बीउ वितरण गरी व्यावसायिक मकै खेतीलाई प्रोत्साहित गरी आयआर्जन बढाउने प्रयास गरिरहेका छौँ। यससँगै नगरभित्र धार्मिक पर्यटनको सम्भावना बोकेको खैरावाङ भगवती मन्दिर छ। त्यसको विकासका लागि गुरुयोजना बनाएर काम अघि बढाएका छौँ।

**■ नगर बिकासका लागि सहभागितामूलक छलफल गर्नुभएको छ ?**

- समाजका हरेक पक्षसँग छलफल गरेरै हामीले विकास योजनाको खाका तयार गरेका छौँ। चालू आर्थिक वर्षमा योजना शुरु हुनुअघि हामीले राजनीतिक दल, सामाजिक क्षेत्रमा क्रियाशील सङ्घसंस्था र पेसागत सङ्गठनहरूसँग अन्तर्क्रिया गरेका थियौँ। त्यहाँबाट आएका सुझावलाई नीतिमा रूपान्तरण गरी काम गरेका छौँ।

**■ यस वर्ष प्राथमिकतामा रहेका योजनाहरु के के हुन ?**

- विशेषगरी स्वास्थ्य, शिक्षा, सडक निर्माण र खानेपानीको पहुँच विस्तारका योजनालाई पहिलो प्राथमिकतामा राखेका छौ। त्यसबाहेक कृषि, पशुपालन र क्षमता अभिवृद्धिका कार्यक्रम पनि प्रस्ताव गरेका छौँ।

**■ भर्खर सम्पन्न भएका प्रभावकारी योजना कुन कुन हुन् ?**

- जिल्लाकै एक मात्र सल्यान अस्पताललाई भौतिक पूर्वाधारयुक्त बनाउन शुरु गरेको योजना पूरा हुने चरणमा छ। १५ शय्याबाट ५० शय्या पुर्‍याउन नगरसभाको निणर्यअनुसार काम सम्पन्न हुने दिशातर्फ छ। त्यसभित्र आवश्यक पर्ने भौतिक आवश्यकता, मेसिनको आपूर्ति, जनशक्तिको अभावलाई नगरले व्यवस्थापन गरेको छ।

यसले जिल्ला बाहिर उपचार गराउन जानुपर्ने बाध्यतालाई पूर्णरूपले अन्त्य गर्दछ। जहाँसम्म योजनलाई प्रभावकारी बनाउन बजेटको सवाल छ। बजेटको अभाव ठूलो समस्या हो। केन्द्र र प्रदेशले दिने अनुदानको दायरामा रहेर योजना बनाउनुपर्ने बाध्यता छ। आमनागरिकका अपेक्षा अनगन्ती छन तर स्रोत थोरै छ। सोचेजति काम गर्न गाह्रो छ।

**■ स्थानीय स्तरबाट कस्ता खालका योजनाको बढी माग हुने गर्छ ?**

- खासगरी सडक, खानेपान, सिँचाइ, कुलो विद्युत् विस्तारका योजनाको अधिक माग हुने गरेको छ।

**■ आधारभूत पूर्वाधारको हिसाबले नगर कति बिकसित छ ?**

- जिल्लाका अन्य स्थानीय तहको तुलनामा शारदा नगरपालिका विकसित नगरपालिका हो। सदरमुकाम र त्यस वरिपरि रहेका केही वडा भौतिक पूर्वाधारका हिसाबमा सम्पन्न भए पनि ग्रामीण क्षेत्रका वडा अहिले पनि पूर्वाधारविहीन नै छन्।

**■ बिकासका सजिला र अप्ठ्यारा पक्षहरु के के हुन् ?**

- विकासका लागि काम गर्नुपर्छ भन्ने समूह भएकाले सजिलैसँग काम गरिरहेका छौँ तर भौगोलिक विकटता, आर्थिक अभाव, विकासप्रतिको असमझदारीले गर्दा कहिलेकाहीँ समस्या देखिने गर्छ।

**■ चालू आर्थिक बर्षमा कुन क्षेत्रका विकासलाई प्राथमिकतामा राख्नुभएको छ ?**

- स्वास्थ्य, शिक्षा, सडक र बजार व्यवस्थापनका कुराहरू यस वर्ष प्राथमिकतामा रहेका छन्। यसै आर्थिक वर्षमा नगरका १५ वटै वडालाई विद्युतीकरण गरिसक्ने योजनाका साथ काम अघि बढाएका छौँ। स्वास्थ्य सेवाको पहुँच नभएका क्षेत्रमा सहरी स्वास्थ्य क्लिनिकको स्थापना, आधारभूत तहका विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण र सडक नपुगेका क्षेत्रमा यही वर्षमा सडकले जोड्ने योजना कार्यान्वयनमा छन्।

**■ विकासका काममा स्थानीयको सहयोग कस्तो पाउनुभएको छ ?**

- सीमित स्रोत साधनबीच पनि स्थानीयको अपेक्षाअनुसार न्यायपूर्ण काम गरिरहेका छौँ। तसर्थ जनताको असहयोग हुने कुरै भएन।

**■ नगरको बिकास कसरी गर्न सकिन्छ ?**

- शारदा नगरपलिका अधिकतम रूपमा कृषि पेसामा आधारित क्षेत्र हो। केही बजारोन्मुख क्षेत्र पनि हो। बजारोन्मुख क्षेत्र क्षेत्र र ग्रामीण क्षेत्रलाई १२ महिनै जोड्ने गरी सुरक्षित र अवरोधविहीन सडक बनाउन आवश्यक छ। त्यसले ग्रामीण क्षेत्रको उत्पादनलाई बजारसम्म ल्याउने र वस्तु उत्पादनमा बढोत्तरी भई आर्थिक उन्नति हुने सम्भावना छ। त्यसबाहेक बाख्रापालनको पकेट एरिया पनि हो यो क्षेत्र। यसलाई प्रोत्साहन गर्ने प्रयास भइरहेको छ। खासगरी नगरभित्रका सबै सडकलाई कम्तीमा ग्राभेल गर्ने योजना छ। यति गर्न सक्यौं भने मात्र एउटा आर्थिक गतिविधिको आधार तयार हुन्छ।

**■ स्थानीय तहका आर्थिक स्रोतका आधार के के हुन् ?**

- हामीसँग स्थायी आर्थिक स्रोत केही पनि छैन। राज्यले दिने अनुदानमै हामी निर्भर छौँ। स्थानीय स्तरमा ढुङ्गा गिट्टी बालुवाबाट उठ्ने करले मात्र के गर्न सकिन्छ र ? राज्यले निश्चित गरेका क्षेत्रलाई समेट्ने गरी हामीले कर लगाएका छौँ। करको दायरा बढाएका छौँ तर करको परिणाम हामी निर्वाचित भएर आउनु अघि जे थियो त्यही नै छ। कर बढाएका छैनौँ।

Like 0 Share 0 Twee Print